आज मिति २०७०।०४।२८ गतेका दिन बुटवल पावर कम्पनीलिमिटेड तथा जगत्रदेवी गा. बि. स. ९ लल्याङ र सिम्लेका वार्ता टोलीका प्रतिनिधिहरू बैठक बसी लल्याङ र सिम्लेका बासिन्दाहरुले मिति ०७०।०२।३१ गते बुटवल पावर कम्पनी लि आँधिखोला जलविद्युत केन्द्र गल्याङ स्याङ्जामा दिएका मागहरू सम्बन्धमा निम्न दुवै तर्फका प्रतिनिधिहरू विच छलफल गरी निम्न अनुसार निर्णय र सम्झौता गरियो ।

उपस्थिति बुटवल पावर कम्पनीको तर्फबाट

१. श्री बिष्णु बहादुर सिंह आयोजना प्रमुख ए के एच पि यु

२. श्री लव कुमार श्रेष्ठ डिपुटी आयोजना प्रवन्धक ए के एच पि यु

३. श्री डोल प्रसाद खरेल प्रवन्धक आँधिखोला जलविद्युत केन्द्र

४. श्री टेकेन्द्र भण्डारी निर्माण प्रवन्धक ए के एच पि यु

५. श्री पद्म प्रसाद अर्याल जनसम्पर्क अधिकृत

६. श्री पर्शुराम गैह्रे बातावरण अधिकृत

७. श्री उदय प्रकाश भट्टराई जनसम्पर्क सहायक

लल्याङ बार्ता समितिका तर्फबाट

१. श्री छविलाल भट्टराई संयोजक

२. श्री देवी प्रसाद भट्टराई

३. श्री लिलावल्लभ भट्टराई

४. श्री मेघनाथ भट्टराई

५. श्रीमति मिनादेवी भट्टराई

६. श्री गोपाल भट्टराई

७. श्री चिन्तामणी अर्याल

८. श्री खगेन्द्र भट्टराई

९. श्रीमति गोमता भट्टराई

१०. श्रीमति ईश्वरा भट्टराई

११. श्री सूर्य प्रसाद भट्टराई

१२. श्री गुरू प्रसाद भट्टराई

१३. श्री मनोज भट्टराई

१४. श्री दुर्गा प्रसाद भट्टराई

१५. श्री राजु भट्टराई

१६. श्री नेत्र अर्याल

साक्षी : जिल्ला प्रशासन कार्यालय स्याङ्जा

प्रस्तावहरू (मागहरू)

१ जगत्रदेवी गा बि स ९ लल्याङ र सिम्लेमा रहेका ७० घरलाई सुरक्षित ठाँउमा उचित क्षतिपुर्ति दिई पुर्नवासको व्यवस्था गर्नु पर्ने ।

२. भत्किएको पहिरो गएको धस्किएको जग्गाको निम्ती संरक्षण तथा पुर्ननिर्माण गर्नु पर्ने छ ।

३. प्रभावित क्षेत्रमा रहेका व्यक्तिहरूका लागि वि पि सी मा एक घर एक रोजगारको व्यवस्था गर्नु पर्ने छ ।

४. बि पि सी बाट पानी फ्लसिङका निम्ती बी पि सी देखि कालीगण्डकी सम्म हुम पाईपको व्यवस्था गरेर मात्र पानी फ्लसिङ गर्नु पर्ने छ ।

५ पहिरो ग्रस्त क्षेत्रहरूको संरक्षण गर्नका लागि दक्षजनशक्तिको सक्रियतामा बृक्षारोपण गर्ने ग्याभियन वाल लगाउने ढल निकासको व्यवस्था गर्नु पर्ने र यसको संरक्षण, मर्मत सम्भारका निम्ती वार्षिक रूपमा बजेट विनियोजन गर्नु पर्ने छ ।

६. यस प्रभाबित क्षेत्रमा बि पि सी सँगै विद्युत प्रसारणलाईनको व्यवस्था गर्नु पर्ने छ ।

निर्णयहरू:

१. (क) बुटवल पावर कम्पनी लि. आँधिखोला जलविद्युत केन्द्रका कार्यालयहरू तथा अन्य संरचनाहरू जगत्रदेवी गा बि स वार्ड नं. ९ मा रहेको तर कम्पनीका अभिलेखहरूमा जगत्रदेवी गा बि स वार्ड नं. ८ गल्याङ लेखिदै आएकोमा त्यसलाई सच्याई जगत्रदेवी गा बि स वार्ड नं. ९ कायम गर्नको लागि बि पि सी को मानव संसाधन विभागमा माग गरि पठाउने ।

(ख) लल्याङ सिम्ले क्षेत्रलाई अतिप्रभावित क्षेत्र भनि कोड गरिने। आँधिखोला जलविद्युत केन्द्रको टेलरेस सुरुङ देखि सर्ज साफ्टसम्म माथिल्लो भागबाट लोकेशन पहिचान गरी रेखाँकन गर्ने र सुरुङको मार्ग चित्र बनाई आवस्यक ठाँउमा राख्ने ।

(ग) जगत्रदेबी गा बि स वार्ड नं. ९ लल्याङ र सिम्ले मा रहेका ७० घरधुरीका वासिन्दाहरूलाई सुरक्षित ठाँउमा उचित क्षतिपुर्ति सहित पुर्नवासको व्यवस्था गर्नु पर्ने भन्ने मागका हकमा हाललाई सम्भव नहुने तथा अब सम्बन्धित क्षेत्रकोसर्भेक्षण गरी वर्तमान अवस्थाको अभिलेख तयार पार्ने र अब आयन्दा भविष्यमा ब्लास्टिङ तथा सुरूङको कारणले कुनै घर, गोठ बस्ती तथा जग्गाहरू भत्कि क्षति पूगेमा दुबै पक्ष ( बुटवल पावर कम्पनी लि. आँधिखोला जलविद्युत केन्द्र र लल्याङ सिम्लेका वासिन्दाहरू) लाई मान्यहुने तेश्रो पक्षबाट नियुक्त बिशेषज्ञको राय बमोजिम सुरूङको कारणले हो भनी प्रमाणित भएमा बि पि सी ले त्यसको पूर्णरूपमा क्षति पूर्ति दिने ।

(घ) लल्याङ तथा सिम्लेमा गएको पहिरो को नियन्त्रणको उचित व्यवस्था गर्न दुवै पक्षका प्रनिनिधिको टोली वनाई सम्वन्धित क्षेत्रको अवलोकन गरी कुन ठाँउमा बृक्षारोपण गर्ने, कुन ठाँउमा ढलनिकास गर्ने, कुन ठाँउमा गेभियन जाली भर्ने, कुन ठाँउमा रिटेनिङ्ग वाल उठाउने साथै पहिरो नियन्त्रणको लागि अन्य संरचना कस्तो वनाउने भन्ने निर्णय लिने ।

सो कामको लागि तत्काल बृक्षारोपण गर्न शुरू गर्ने अन्य काम यहि आँउने २०७० साल कार्तिक महिना देखि शुरू गरी यसलाई निरन्तरता दिने ।

(ङ) यदि बि पी सि लाई कर्मचारी आवश्यक परेमा योग्यता, क्षमता र दक्षताको आधारमा यस लल्याङ सिम्लेका व्यक्तिहरूलाई प्राथमिकता दिई रोजगारी दिन बि पि सी को तर्फबाट अनुकुल व्यवस्था मिलाउन पहल गर्ने ।

देवीप्रसाद

गोमता

(च) न्यादि र कावेलीका शेयर निश्कासन हुदा यस क्षेत्रका वासिन्दालाई प्राथमिकता दिई शेयर उपलब्ध गराउँन पहल गर्ने ।

(छ) अवदेखि शुरुङको काममा ब्लास्टिङ गर्दा ब्लास्टिङ कार्य सम्पन्न नभए सम्म लल्याङका प्रतिनिधिहरूको रोहवरमा नियन्त्रित ब्लास्टिङ गर्ने ।

(ज) लल्याङ् सिम्ले क्षेत्रमा विभिन्न प्रकारका आयआर्जन , सिपमुलक तालिम सेमिनार गोष्ठि आयोजना गर्दै आधुनिक कृषि प्रणालीको विकाश गर्ने, कृषिमा अनुदानको ब्यबस्था मिलाउने र यस्को नियमित अनुगमन गर्ने गराउने ।

(झ) विगत तथा हाल गरिएका सहमति सम्झौताहरूलाई आपसी सहमतीमा कार्यान्वयन गर्दै जाने र भविष्यमा पनि यस क्षेत्रको संरक्षणकार्य सम्पादनमा निरन्तरता दिदै जाने ।

रोहबर:-